का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ पुस २०८०,
बिहीबार
28 December 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३२३ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# समाजवादी मोर्चाको उल्टो सुझाव

संसद छलेर कानून ल्याउने प्रवृति लोकतन्त्र अनुकूल हुन नसक्ने भनि सार्वजनिकरुपमा प्रस्तुत हुँदै आएका प्रचण्ड र माधव नेपाल आफ्नै विगतका बोली बिर्सिएर समाजवादी मोर्चामार्फत विधेयक नभइ अध्यादेश ल्याउन सुझाइरहेका छन् ।

**आरके डिसी / मध्यान्ह**
काठमाडौं, ११ पुस ।


संसदीय व्यवस्थामा कानून बनाउने काम संसदले गर्छ । कार्यकारीले गर्ने हरेक काम संसदले बनाएको कानून अनुसार गर्नुपर्छ र संसदले बनाएको कानून अनुसार काम भए वा नभएको हेर्ने काम न्यायपालिकाले गर्छ । यही ने थिति र विधि भएको बताउँदै आएका नेताहरु हुन पुष्पकमल दाहाल प्रचण्ड र माधव कुमार लगायतका नेताहरु । दुवै नेता हाल समाजवादी मोर्चामा छन् । दुवै नेता दश दलीय सत्ता गठबन्धनमा पनि छन् ।

तर, यी नेताले समाजवादी मोर्चाको बैठकमा विगतमा आफूले जे विषयमा वकालत गर्दै आएको हो त्यसको विपरित बोलेका छन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कानून बनाउन संसदले असहयोग गरेको भन्दै दर्जनौं अध्यादेश ल्याएका थिए । त्यसबेला प्रचण्ड र माधव नेपाल लगायतका नेताहरुले ओलीले अध्यादेशबाट चलाउन खोजेको, थिति र विधिलाई लत्याएको आरोप लगाएका थिए ।

तत्कालीन नेपाल कम्यनिस्ट पार्टी (नेकपा)मा यी तीन नेता सँगै थिए । ओलीले थिति र विधि लत्याएर एकलौटी गरेको भनी विद्रोह गरेका थिए । संसद छलेर कानून ल्याउने प्रवृति लोकतन्त्र अनुकुल





## संयोजकमा नेपाल निरन्तर

चार दल सहभागी समाजवादी मोर्चामा नेकपा माओवादी केन्द्र, एकीकृत समाजावादी, नेत्रवक्रम चन्द नेतृत्वको नेकपा र जसपा छन् ।

बुधबार बसेको बैठकले मोर्चाको संयोजकमा एकीकृत समाजावादीका अध्यक्ष माधवकुमार नेपाललाई नै निरन्तरता दिने निर्णय गरेको छ ।

हाल संयोजकको जिम्मेवारीमा रहेका नेपाललाई नै निरन्तरता दिने निर्णय भएको हो ।

एकीकृत समाजवादीका उपाध्यक्षसमेत रहेका मोर्चाका सदस्य सचिव प्रमेश हमालका अनुसार संघीयतालाई प्रभावकारी बनाउनका लागि >>> पृष्ठ २ मा



आठ वर्षसम्म संघीयता कार्यान्वयन गर्न नसक्नु कमजोरी हो । अध्यादेशबाटै भए पनि कार्यान्वयन गर्न समाजवादी मोर्चाले प्रधानमन्त्रीलाई सुझाव दिएको छ ।

■ **राजेन्द्रप्रसाद श्रेष्ठ**
**नेता, जसपा**

हुन नसक्ने भनी सावर्जजनिक रुपमा प्रस्तुत भएका प्रचण्ड र माधव नेपाल पूरानो आफ्नै बोली बिर्सिएर पछिल्लो समय सरकारलाई अध्यादेश ल्याउन सुझाइरहेका छन् ।

समाजवादी मोर्चाको बैठक बुधबार बिहान र साँझ दुई पटक प्रधानमन्त्री निवास बालुवाटारमा बसेको थियो । उक्त बैठकमा संघीयता कार्यान्वयनका लागि आवश्यक कानून छिटो निर्माण गर्नुपर्ने विषयमा छलफल भएको थियो ।

उक्त छलफलले छिटो कानून बनाउन संसद बाधक हुन सक्ने भन्दै अध्यादेशबाटै कानून बनाउने बाटो अवलम्बन गर्न >>> पृष्ठ २ मा

## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरीक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं.
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अस्वस्थ पशुपक्षी रोक्न बनेका कार्यालय बेकामे

**मध्यान्ह संवाददाता**
पोखरा, ११ पुस ।

पूर्वाधार र जनशक्ति नहुँदा पशु तथा कृषिजन्य उपजको स्वस्थता परीक्षण एवं नियमनका लागि खुलेका सरकारी कार्यालय औचित्यहीन बनेका छन् । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा तनहुँको आँबुखैरनी र स्याङ्जाको मालुङ्गामा ती कार्यालय स्थापना भएका थिए ।

प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले प्रदेशमा भित्रने पशु तथा कृषिजन्य उपजको स्वस्थता परीक्षण एवं नियमनका लागि कार्यालय स्थापना गरेको भए पनि पाँच वर्ष वितिसक्दा पनि तोकिएका सेवा दिन सकेका छैनन् । पशु तथा कृषि उत्पादनको स्वस्थता परीक्षण एवं नियमनका लागि प्रदेश नाकामा पनि क्वारेन्टाइन सहितको चेकपोष्ट स्थापना गर्नुपर्ने आवाज उठिरहेका बेला प्रदेश सरकारको पहलमा ती कार्यालय स्थापना भएका थिए ।

जनशक्ति र स्रोतसाधनको अभावमा कार्यालयले सेवा दिन नसकेको मन्त्रालयको योजना तथा अनुगमन महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराईले जानकारी दिए । 'कार्यालय त खुल्यो, तर त्यहाँ चाहिने दक्षजन शक्ति, उपकरणलगायतको व्यवस्थापन हुनसकेन' उनले भने, 'कार्यालय नाम मात्रका जस्ता भए । यो विषयमा जनस्तरबाट पनि गुनासो आइरहेको छ, मन्त्रालय छिट्टै सेवा सुरु गर्ने तयारीमा छ । '

कार्यालय सञ्चालनका लागि पशु विकास र कृषि विकास अधिकृतसहित पाँच जनाको प्राविधिक चाहिनेमा न्यून जनशक्तिबाट भए पनि सेवा सुरु गर्ने तयारीमा मन्त्रालय रहेको उनले बताए । 'यतिका वर्षसम्म कार्यालय निष्क्रिय अवस्थामा रह्यो, अब पूर्वाधार र जनशक्ति व्यवस्थापन गरेर प्रभावकारी सेवा दिने उद्देश्यसहित मन्त्री नै स्वयं सम्बन्धित जिल्लाका सरोकारवालासँग छलफलमा जुट्नुभएको छ,' भट्टराईले भने, 'स्थानीय तहसँगको समन्वय र सहकार्यमा यो काम अगाडि बढ्छ, मन्त्रालय यसमा संवेदनशील भएर लागिपरेको छ ।'

नियमन कार्यालयमा पशुपक्षी तथा कृषि उपज 'होल्ड' गर्ने स्थल, प्रयोगशाला, उपकरणलगायत कार्यालयलाई आवश्यक पर्ने प्राविधिक सामग्रीको व्यवस्थापन गर्न बाँकी रहेको उनले बताए । स्याङ्जामा सो कार्यालयको आफ्नै भवन बनेपनि तनहुँमा भने भाडाको घरबाट सञ्चालन गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ ।

प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले पशुमा देखिने महामारीजन्य रोगको प्रकोप नियन्त्रणका लागि >>> पृष्ठ २ मा

# शक्ति संघर्षमा महन्थ–राजेन्द्र

महन्थ ठाकुरलाई कमजोर पार्ने र पार्टीमा हावी हुने उद्देश्यका साथ राजनीतिक गतिविधिमा महतो सक्रिय भएसँगै लोसपाभित्रको विवाद सतहमा आएको हो । यो संघर्ष आन्तरिक शक्तिका लागि मात्रै भएको नेताहरु बताउँछन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ११ पुस ।

गत २४ गते बसेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को केन्द्रीय समिति बैठक वरिष्ठ नेता राजेन्द्र महतोले बहिष्कार गरे । लोसपाका अध्यक्ष महन्थ ठाकुरले बोलाएको बैठक नेता महतोले नै बहिष्कार गरेपछि लोसपा भित्रको विवाद सतहमा



आएको हो ।

पार्टीको केन्द्रीय समिति बैठक बहिष्कार गरेपछि महतो आफ्नै तरिकाले राजनीतिक गतिविधिमा समेत संलग्न भएका छन् । लोसपाका अध्यक्ष ठाकुरसँग समन्वय नै गरी राजनीतिक गतिविधि चलाउन थालेपछि लोसपाको विवाद चरम उत्कर्षमा पुगेको बताइन्छ ।

लोसपाका नेताहरुका अनुसार अध्यक्ष ठाकुरलाई कमजोर पार्ने र पार्टीमा हावी हुने उदेश्यका साथ राजनीतिक गतिविधिमा महतो सक्रिय भएसँगै लोसपाभित्रको विवाद सतहमा आएको हो । यो संघर्ष आन्तरिक शक्तिका लागि मात्रै भएको नेताहरु बताउँछन् । राजनीतिक गतिविधिमा सक्रिय भएका >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# ग्रीसमा दुई सय नेपाली अलपत्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ पुस

वैदेशिक रोजगारी तथा विभिन्न कारणले युरोपेली मुलुक पुगेका करिब दुई सय नेपाली युवा ग्रीसमा अलपत्र परेका छन् । ग्रीसको राजधानी एथेन्स आसपासका शहरमा रहेका नेपालीमध्ये केही नेपालीसँग आवागमनका लागि अतिआवश्यक हुने राहदानीसमेत नभएको र हातमा राहदानी भएका केहीको अवधि सकिन लागेको उनीहरूले बताएका छन् ।

उनीहरूले सामाजिक सञ्जालमार्फत आफूहरुलाई नेपाल फर्काउने व्यवस्था गर्न माग गरेका छन् । नेपाली दूतावास नरहेको उक्त मुलुकमा छिमेकी रोमानिया, साइप्रस र सर्बियालगायतका देशबाट आएका नेपाली नागरिकहरु थुप्रिएको बताइएको छ ।

पूर्वमन्त्री एवम् प्रतिनिधि सभा सदस्य गोकुल बाँस्कोटाले पनि काभ्रे घर भएका चमारसिंह तामाङसहित २ सय नेपाली ग्रीसमा अलपत्र परेको सामाजिक सञ्जालमा लेखेका छन् । सांसद बाँस्कोटाले अलपत्र नेपाली युवाहरूलाई उद्धार गरी उनीहरूलाई ग्रीस पुऱ्याउने पक्षको खोजी गरेर दोषी कोही भए कारबाही गर्न माग गरेका छन् ।

यसैबीच वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भनि रकम ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौंको बुढानीलकण्ठ नगरपालिका वडा नं. ३ बस्ने भैरव बहादुर ठकुरीले कृतेश खरेलसमेत २ जनालाई वैदेशिक >>> पृष्ठ २ मा

## फेमिसमा बोर्डको रकम खर्चप्रति आपत्ति

**काठमाडौं / मस–** सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम) तथा संयुक्त ट्रेड युनियन समन्वय समिति (जेटयुसीसी)ले वैदेशिक रोजगार बोर्डको रकमबाट वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मर्मत गर्न रकम निकासा गर्ने निर्णयमा आपत्ति जनाएका छन् । दुवै संस्थाका तर्फबाट बुधबार जारी विज्ञप्तिमा वैदेशिक रोजगारीमा जाने कामदार तथा आश्रित परिवारको भलाइ तथा राहतका लागि स्थापना गरिएको कोषको रकमले फेमिस मर्मत गर्नु आपत्तिजनक भएकाले निर्णय फिर्ता लिनुपर्ने माग गरिएको छ ।

वैदेशिक रोजगार व्यवसायलाई प्रवर्धन गर्न, वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण कार्य गर्ने प्रयोजनका लागि बोर्डको गठन भएको हो । बोर्डलाई सरकारले हालसम्म कुनै अनुदान >>> पृष्ठ २ मा

## तीन दिनभित्रै ड्राइभिङ लाइसेन्स

**काठमाडौं / मस–** यातायात व्यवस्था विभागले वैदेशिक रोजगारी, अध्ययन तथा शान्ति सेना मिसनका लागि विदेश जाने नेपाली सेना र प्रहरीहरूलाई पनि तीन दिनभित्र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) दिने बताएको छ । विभागले बुधबार एक सूचना जारी गर्दै उक्त जानकारी दिएको हो ।

विदेशमा सवारी चालकको रोजगारी प्राप्त हुने, तर हातमा सीप र अनुभव भएपनि लाइसेन्स नहुँदा वैदेशिक रोजगारीमा जान चाहनेहरू समस्यामा रहेका छन् । त्यसैगरी विभागले पुस १५ गतेदेखि >>> पृष्ठ २ मा

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OTTAWA CONT. & TRADING WLL — शहर: Qatar, Doha
पूर्व स्वीकृत मिति: २०८०/०९/११ — चलानी नं.: ६०२१२१४६ — LT. No.: 297227

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 12 | 0 | | 1800 | ६५,५९२ | | | | | | | |
| 3. | Foreman | 5 | 0 | | 2500 | ९१,१०० | | | | | | | |
| 4. | Labour | 15 | 0 | | 1000 | ३६,४४० | | | | | | | |
| 5. | Plaster Technician | 1 | 0 | | 1400 | ५१,०१६ | | | | | | | |
| 6. | Plaster Worker | 2 | 0 | | 1400 | ५१,०१६ | | | | | | | |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालयमा धमाधम भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष १९ गते (4 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

यसै कम्पनीको लागि Scaffolding, Sub Engineering र Document Controller को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५४०/०६७/०६८

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np
Mobile: 9801029271 | 9801061546 | 9851002329 | 9804392322 | 9802032510

## ठगी अभियोगमा कुश्माका प्रमुख प्रशासकीय अधिकृत पक्राउ



पर्वत/मस–ठगीको आरोपमा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुली कार्यालयबाटै पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयको टोलीले बुधबार दिउँसो पराजुलीलाई कार्यालयबाटै पक्राउ गरेको हो । प्रमुख प्रशासकीय अधिकृत पराजुली कास्कीको सहकारी रजिस्ट्रारको कार्यालय पोखरामा सेवारत हुँदा सहकारीको रकम ठगी प्रकरणमा मुछिएका थिए । सहकारी रजिस्ट्रार रहेका बेला निजले मित्रमिलन बचत तथा ऋण सहकारीको कार्यक्षेत्र विस्तार गर्ने क्रममा घूस लिएको आरोप थियो । कास्की प्रहरीको अनुरोधमा पर्वत प्रहरीले निजलाई पक्राउ गरेर कास्की पठाएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले जानकारी दिए । तत्कालीन रजिस्ट्रार पराजुलीलाई एक करोड पाँच लाख घूस लिएको आरोप लागेको छ ।

**अमिन घुससहित पक्राउ**

नापी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का अमिन गोविन्द ढकाल घुस रकमसहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले उनलाई ४ हजार रुपैयाँ घुससहित पक्राउ गरेको हो । अमिन ढकालले जग्गा नापजाँच गरी लालपुर्जा दिलाउने प्रयोजनार्थ सेवाग्राहीसँग घुस मागेको भन्दै अख्तियारमा सूचना प्राप्त भएको थियो । उक्त सूचनाका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको बुटवल कार्यालयबाट खटिएको टोलीले अमिन ढकाललाई ४ हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । अख्तियारको टोलीले अमिन ढकाललाई घुस रकम लिइसकेको अवस्थामा कार्यकक्ष नजिकबाट पक्राउ गरेको हो । पक्राउ परेका ढकालमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

### समाजवादी...

सुझाएको छ । जनता समावादी पार्टी (जसपा)का नेता राजेन्द्रप्रसाद श्रेष्ठका अनुसार प्रदेशलाई अधिकार दिन अध्यादेशबाटै भए पनि कानुन कार्यान्वयन गर्नुपर्ने निचोड समाजवादी मोर्चाको छ । उनले भनेका छन्, 'आठ वर्षसम्म संघीयता कार्यान्वयन गर्न नसक्नु कमजोरी हो । अध्यादेशबाटै भए पनि कार्यान्वयन गर्न समाजवादी मोर्चाले प्रधानमन्त्रीलाई सुझाव दिएको छ ।'

### संयोजकमा...

सरकारको ध्यानाकर्षण गर्ने र राजनीतिक प्रकृतिका मुद्दामा अदालतले चालिरहेको कदमका बारेमा समते कसरी अगाडि बढ्ने विषयमा छलफल भएको छ ।

मोर्चाको संगठन विस्तार हुन बाँकी रहेका जिल्लामा पुस मसान्तसम्म गठन गरिसक्ने निर्णय भएको सम्भव भएका जिल्लामा सन्देश सभा गर्ने निर्णय पनि भएको छ । माघको पहिलो हप्तामा अन्तरक्रिया र १६ माघमा शहीद दिवसका अवसरमा पनि कार्यक्रम गर्ने निर्णय गरेको छ ।

### अस्वस्थ...

प्रदेश नाकामा क्वारेन्टाइन सेवा सञ्चालन गर्नुपर्ने माग केन्द्र सरकारसँग राख्दै आएको छ । प्रदेश सरकारले राष्ट्रिय विकास समस्या समाधान समितिमासमेत सो विषयलाई प्राथमिकताकासाथ उठाउनुपर्ने भन्दै मन्त्रालयले किटानसमेत गरेको छ ।

पोखरास्थित पशु सेवा तालिम केन्द्रका प्रमुख ड. गृष्म न्यौपानेले तनहुँ र स्याङ्जामा स्थापना भएका कृषि तथा पशुपक्षी नियमन एकाइलाई जनशक्ति र पूर्वाधार सम्पन्न बनाउनुपर्ने बताए । उनले संघीय सरकारले प्रदेश नाकामा आन्तरिक पशु क्वारेन्टाइनस्थलसहितको चेकपोष्ट स्थापना गर्नुपर्ने धारणा राखे ।

हालै अफ्रिकन स्वाइन फिभर, लम्पीस्किन जस्ता महामारीका कारण नेपालले ठूलो पशुधनको क्षति व्यहोर्नुपरेको भन्दै क्वारेन्टाइन सेवालाई चुस्त र प्रभावकारी बनाउनुपने उनको भनाइ छ।

गुणस्तर परीक्षण र नियमन नहुँदा अहिले पशुपक्षी तथा बोटबिरुवा के-कस्तो अवस्थामा प्रदेशमा भित्रिरहेका छन्, कुनै लेखाजोखा छैन । क्वारेन्टाइन प्रक्रिया पूरा गरेर मात्र पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री प्रदेश भित्र्याउने गरी संरचना बनाउनुपर्ने डा. न्यौपानेले बताए ।

### शक्ति...

महतो पार्टी कार्यालय जान छाडेका छन् । नेताहरुका अनुसार गत मंसिरको केन्द्रीय समितिको बैठक बहिष्कार गर्नु अगाडि भने महतो प्रत्येक दिन पार्टी कार्यालय जाने गर्दथे । पार्टीभित्र देखिएको विवाद समाधानका लागि लोसपाका अध्यक्ष ठाकुरले संवादलाई अगाडि बढाएका छैनन् । महतो निकट नेताहरुका अनुसार पार्टी अध्यक्षलाई नै नगन्ने गरी अगाडि बढेर महतोले गल्ति गरेका छन् । एक नेता भन्छन्, 'अध्यक्षको अधिकार कम गर्ने र आफूमा शक्ति आर्जन गर्ने चाहना हो भने पनि त्यसको लागि पार्टी पद्धति मान्नुपर्छ । पार्टी पद्धति बाहिर गएर भएका गतिविधिलाई मान्यता दिए पार्टीमा अराजकता हावी हुन्छ ।' अध्यक्ष ठाकुरले केन्द्रीय समिति निर्माण गर्दा महतो पक्षका थुप्रै नेतालाई नसमेटेका कारण विवाद भएको अर्काथरी नेताहरु बताउँछन् । त्यसमा नेता महतोले असन्तुष्टि जनाउँदा अध्यक्ष ठाकुरले केन्द्रीय समिति विस्तार चाँडै गर्ने र छुटेकालाई समावेश गर्ने प्रतिबद्धता जनाएका थिए । सो प्रतिबद्धता जनाएको लामो समय भइसक्दा पनि कार्यान्वयन नभएपछि महतो रिसाएका हुन् । यही विषमा असन्तुष्टि जनाउँदै नेता महतोले केन्द्रीय समिति बैठक बहिष्कार गरेको नेताहरु बताउँछन् ।

लोसपाका मधेस प्रदेश सभा सदस्य अभिराम शर्मालगायत अन्य नेतालाई अदालतले जन्मकैदको फैसला सुनाएपछि नेता महतोले गत मंसिर २९ गते अध्यक्ष ठाकुरलाई फोन गरेर यस घटनामा पार्टीले बोल्नुपर्ने प्रस्ताव राखेका थिए । यो प्रस्ताव पनि अस्वीकार गरेपछि महतो बिच्किएको नेताहरु बताउँछन् । राम्रो रेसपोन्स नपाएपछि महतोले आफैं विज्ञप्ति जारी गरेर सरकारबाट समर्थन फिर्ता लिन अध्यक्ष ठाकुरलाई आग्रह गरेका थिए । सरकारमा बस्नुको औचित्य समाप्त भएको धारणा उनले विज्ञप्तिमार्फत सार्वजनिक गरेका थिए ।

त्यसपछि त्यही दिन अध्यक्ष ठाकुरले पनि अदालतले गरेको फैसलाप्रति पार्टीको ध्यानाकर्षण भएको र त्यसको कानुनी उपचार खोज्ने भनेका थिए । अध्यक्ष ठाकुरले जारी गरेको विज्ञप्तिभन्दा महतोले जारी गरेको विज्ञप्तिले बढी चर्चा पाएको थियो । तर, ठाकुरले सरकारलाई दिएको समर्थन कायमै रहने जनाए । त्यसपछि नेता महतो आफ्नै तरिकाले अगाडि बढेको र पार्टीभित्रको विवाद थप चर्किएको नेताहरु बताउँछन् । महतोले आफ्नै तरिकाले आगामी माघ ५ गतेदेखि मधेसमा जागरण अभियान चलाउने र त्यसपछि जनताबाट आउने प्रतिक्रियाका आधारमा अगाडि बढ्ने लगायतका कार्यक्रम तय गरेका छन् ।

### ग्रीसमा...

रोजगारीका लागि अमेरिका पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति १३ लाख रुपैयाँ लाग्छ भनि २६ लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएको उजुरी वैदेशिक रोजगार विभागमा परेको थियो ।

ठकुरीले अमेरिका पुगेपछि प्रतिष्ठित कम्पनीमा मासिक तीन लाख रुपैयाँ तलब हुन्छ भनि आश्वासन दिएर ठगी गरेको प्रहरीले बताएको छ । काठमाडौंको बुढानीलकण्ठ नगरपालिका वडा नं. ४ पासीकोटबाट पक्राउ परेका ठकुरीलाई अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको प्रहरीले बताएको छ ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि कुवेत पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा धनुषाको धनुषाधाम नगरपालिका वडा नं. ५ घर भइ हाल ललितपुरको महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथली बस्ने दिपेन्द्र कुमार राउतलाई पनि पक्राउ गरेको छ । राउतले अजय कुमार साहलाई वैदेशिक रोजगारीका लागि कुवेतको प्रतिष्ठित होटलमा पठाइदिने र त्यसका लागि चार लाख रुपैयाँ लाग्छ भनि तीन लाख रुपैयाँ लिएको उजुरी परेको थियो । राउतलाई पनि थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको प्रहरीले बताएको छ ।

### फेमिसमा...

दिएको छैन । बोर्डवाट हालसम्म मुख्यरुपमा मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एवम् अंगभंग भएकालाई उपचार खर्च, विदेशमा अलपत्र परेका शव ल्याउन सहयोग, रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिक मन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन तथा विदेशमा सुरक्षित गृह सञ्चालन गर्ने कार्य गर्दै आएको छ ।

उल्लेखित काम गर्न मुख्यरुपमा वैदेशिक रोजगारमा जाने कामदारहरुले प्रचलित कानूनले तोकेबमोजिम जम्मा गरेको रकम बोर्डको कल्याणकारी कोषमा रहने व्यवस्था छ । उक्त कोष यसअघि पनि पटक-पटक दुरुपयोग भएको सार्वजनिक भएको थियो । हालै सम्पन्न विश्व आप्रवासी कामदार दिवसका अवसरमा पनि बोर्डबाट दश लाख रुपैयाँ निकास गरी खर्च गरिएको बताइएको छ । बोर्डको रकम फेमिसमा खर्च गरिएकोमा आपत्ति जनाएका संस्थाहरूले वैदेशिक रोजगारमा जाने कामदारको पूर्व प्रस्थान तालिमको शुल्क बढाउन अघि सरोकारवाला पक्षसँग पर्याप्त छलफल नगरिएको बताएका छन् ।

### तीन...

शीघ्र प्रिन्टका लागि अनलाइन लाइसेन्स प्रणालीको पोर्टलमार्फत आवेदन दिन सकिने जनाएको छ । विभागले निवेदन स्वीकृत भएको मितिदेखि तीन दिनभित्र स्मार्ट कार्ड दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

**कतारमा रोजगार** | कम्पनी: QBS CONSTRUCTION शहर: QATAR

पुर्व स्वीकृत मिति: २०७९/१२/२३ चलानी नं.: ६०१९९५७३ L.T. No.: 284191 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १९ गते (4 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD. 2022

Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9851349039
E-mail: info@qim.com.np

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको उत्खनन् तथा बिक्रिको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०७/१३**
**दोस्रो पटक प्रकाशित मिति २०८०/०९/१२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ट्ट्ठ क, र यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन, २०८० को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०८०/०७/०२ र २०८०/०८/२१ गतेको निर्णय बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विनयी त्रिबेणी गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि संलग्न गरी बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरीएको छ ।

**तपसिल :**

| सि. न. | बोलपत्र नं. | बोलपत्रको विवरण | GPS Point | | उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तल्लो बिन्दुः | माथिल्लो बिन्दुः | | | | | |
| १ | 18/BTRM/NBC/ Rev/2080-081 | चोखाघाट देखी सिलौटेपूल सम्मको खण्ड क | २७°३६'५८.२३"N ८३°५१'२२.२३"E | २७°३७'५७.५०"N ८३°५१'४२.३२"E | ११२४०५९.०० | १०११६५३१.०० | ३४३०००.०० | ३०००.०० | |
| २ | 19/BTRM/NBC/ Rev/2080-081 | चोखाघाट देखी सिलौटेपूल सम्मको खण्ड ख | २७°३७'५७.५०"N ८३°५१'४२.३२"E | २७°३८'४८.६०"N ८३°५१'४२.८०"E | १०६०९५६.२९ | ९५४८६०६.५९ | ३२४०००.०० | ३०००.०० | |
| ३ | 22/BTRM/NBC/ Rev/2080-081 | पाखापानी देखी मसान मजुवा सम्मको खण्ड १ | २७°३९'५२.४७"N ८३°४९'८.१९"E | २७°४०'५.६९"N ८३°४७'४८.७७"E | ९३४५६७.२० | ८४१११०४.८० | २८५०००.०० | ३०००.०० | |
| ४ | 23/BTRM/NBC/ Rev/2080-081 | पाखापानी देखी मसान मजुवा सम्मको खण्ड २ | २७°४०'२५.३९"N ८३°४७'३.११"E | २७°४०'४१.६८"N ८३°४६'०.४७"E | ८६७८१२.४० | ७८१०३११.६० | २६४०००.०० | ३०००.०० | |
| ५ | 24/BTRM/NBC/ Rev/2080-081 | मसान मजुवा देखि खुमबारी सम्मको खण्ड | २७°४०'३९.५७"N ८३°४५'३३.८४"E | २७°४०'४७.२०"N ८३°४४'५९.६१"E | ७४१७२०.०० | ६६७५४८०.०० | २२७०००.०० | ३०००.०० | |
| ६ | 25/BTRM/NBC/ Rev/2080-081 | खुमबारी देखि चिदिया सम्मको खण्ड | २७°४०'४८.७०"N ८३°४४'२४.५१"E | २७°४०'४४.९४"N ८३°४३'५३.६७"E | ६६७५४८.०० | ६००७९३२.०० | २०४०००.०० | ३०००.०० | |
| ७ | 26/BTRM/NBC/ Rev/2080-081 | गंगटे खोलाको बगर क्षेत्र | २७°३६'५५.१४"N ८३°५०'३९.४७"E | २७°३६'५४.४४"N ८३°४९'१०.४७"E | ५३६८६४.०० | ४८३१७७६.०० | २६४०००.०० | ३०००.०० | |
| ८ | 27/BTRM/NBC/ Rev/2080-081 | सुनही खोलाको तल्लो खण्ड | २७°३९'२०.३६"N ८३°५२'१०.१५"E | २७°४०'१३.५६"N ८३°५३'२२.१६"E | ७४८९८८.८६ | ६७४०८९९.७० | २२९०००.०० | ३०००.०० | |

| | |
|---|---|
| **बोलपत्र दस्तुर रकम** | बैकको नामः सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास<br>आन्तरिक राजश्व खाता नं. ००८१५४१३०७८ |
| **बोलपत्र जमानत रकम** | बैकको नामः सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास<br>धरौटी खाता नं. ००८१५१५३३२६ |
| **बोलपत्र मान्य हुने अबधि** | ९० दिन |
| **प्रि–बिड बैठक** | २०८०/०९/२० गतेका दिन दिनको १:०० |
| **बोलपत्र पेश गर्ने अन्तिम मिति** | २०८०/०९/२९ गतेका दिन दिनको १२:०० |
| **बोलपत्र खोल्ने समय** | २०८०/०९/२९ गते १:०० |

**शर्तहरु :**

१. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परिमाणको आधारमा बिक्रि शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप १० प्रतिशत रकम समेत कार्यालयमा बुझाउनुपर्नेछ ।

२. बोलपत्रदाताले विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको www. bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

३. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

# भ्रष्टाचार मुद्दामा पूर्वडीआईजी महेशबिक्रम शाह दोषी ठहर



**काठमाडौं/मस**-भ्रष्टाचार मुद्दामा पूर्व डिआईजी एवं लेखक महेशबिक्रम शाह भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । विशेष अदालतले बुधबार उनीसहित दुई जनालाई दोषी ठहर गरेको हो ।

अदालतका न्यायाधीशहरू अध्यक्ष टेकनारायण कुँवर, सदस्यद्वय तेजनारायण सिंह राई र रितेन्द्र थापाको संयुक्त इजलासले पूर्व सई दीपेन्द्रप्रसाद पनेरूलाई पनि दोषी ठहर गरेको छ ।

सिन्धुलीको दुधौलीस्थित मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्रमा कार्यरत रहँदा शाह र पनेरूले नक्कली कर्मचारीको नाममा तलब, रासन बुझी राज्यकोषबाट लाखौं ठगी गरेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । उनीमाथि ३३ लाख ३८ हजार रुपैयाँ अनियमितता गरेको आरोप थियो ।

अख्तियारले २०७६ फागुनमा गपूर्वडीआईजी शाह, पूर्व सई पनेरू, प्रहरी हवल्दार केशवसिंह ऐरी र लेखापाल सञ्जिब विशुंखेविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। तीमध्य ऐरी र विशुंखेले भने सफाइ पाएका छन्।

दोषी ठहर भइसकेका उनीहरुलाई सजया तोक्न भने बाँकी छ । सजाय निर्धारणको लागि पुस २५ गतेको अर्को पेशी तोकिएको अदालत प्रशासनले जनाएको छ । डिआईजी शाह २०४६ माघमा प्रहरी सेवा प्रवेश गरेका थिए । उनले २०७६ मा अवकाश पाएका थिए ।

शाह मदन पुरस्कार बिजेता समेत हुन् । उनका कथा संग्रहरु 'ज्याक्सन हाइट', 'अफ्रिगन अमिगो', 'सिपाहीकी स्वास्नी', 'काठमान्डुमा कामरेड' र 'भुइँखाट' प्रकाशित छन्। 'छापामारको छोरो' कथा संग्रहका लागि उनले २०६३ मा मदन पुरस्कार पाएका थिए ।

# भूमिहीन तथा अव्यवस्थित बसोवासीलाई जग्गाधनी पुर्जाको निस्सा वितरण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ११ पुस



गुलरिया नगरपालिकामा जग्गाधनी पुर्जाको निस्सा वितरण कार्यको शुरुवात गरिएको छ । पालिकामा पहिलो पटक वडा नं. ५ को बालापुर गाउँबाट भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जाको निस्सा वितरण कार्यको शुरुवात गरिएको हो । गुलरिया नगरपालिका वडा नं. ५ ले आयोजना गरेको कार्यक्रममा गुलरिया नगरपालिकाका नगरप्रमुख मुक्तिनाथ यादव र वडा अध्यक्ष मुम बहादुर मल्लले संयुक्त रुपमा निस्सा वितरण गरेका हुन् ।

गुलरिया नगरपालिका वडा नं. ५ मा रहेका ३ सय ३२ जना अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरिएको वडा नं. ५ का वडाध्यक्ष मल्लले जानकारी दिए । उक्त वडामा अव्यवस्थित बसोबासी ३ सय ३२ जना, भूमिहीन दलित ४ जना र भूमिहीन सुकुम्वासी ८ जना रहेको वडा कार्यालयले जनाएको छ ।

कार्यक्रममा बोल्दै गुलरिया नगरपालिकाका नगर प्रमुख यादवले कुनै पनि भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी लालपुर्जा विहीन नहुने बताए। उनले वर्षौंदेखि समस्याको रुपमा रहँदै आएको भूमिहीन सुकुम्बासी समस्या र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जाको निस्सा वितरण भएसँगै अब आयोगलाई दबाब दिनुपर्ने बताए ।

गुलरिया नगरपालिकाले गर्नुपर्ने सम्पूर्ण पक्रिया पुरागरी भूमि आयोगमा बुझाई सकिएको बताउँदै उनले अब आयोगमा दैनिक रुपमा पुगी लालपुर्जा तथा नापजाँचका लागी आग्रह गर्नुपर्ने बताए ।

उनले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले प्राप्त गरेको निस्सालाई कमजोर नमान्न र सुरक्षितका साथ राख्नुपर्ने सुझाव समेत दिए । कार्यक्रम बोल्दै वडा अध्यक्ष मल्लले सर्वप्रथम आयोगले समस्या समाधानका लागि गुलरिया नगर पालिकाबाट शुरुवात गर्नु पर्ने भन्दै बढैयातालबाट शुरुवात गरेकोमा आपत्ति जनाए । यो निस्सा निक्कै महत्वपूर्ण भएको भन्दै जग्गाको नापजाँच नहुँदा सम्म निस्सालाई सुरक्षितका साथ राख्न आग्रह समेत वडा अध्यक्ष मल्लले बताए । गुलरिया नगरपालिका वाड नं ५ का वडाध्यक्ष मल्लको अध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य, वडासदस्य, गाउँका अगुवा, बरघर, गुरुवा लगायत वाडबासीहरुको उपस्थिति रहेको थियो। गुलरिया नगरपालिकामा सबैभन्दा बढी भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरु वडा नम्बर २ र ९ मा रहेको बताइएको छ ।

## रास्कोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

आरसिपि-५, कालिकोट
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : (२०८०/०९/१२)**

यस कार्यालयबाट मिति २०८०/०७/०३ मा राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आब्हान गरिएको सूचना बमोजिम तोकिएको म्यादभित्र प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र सारभुत रुपमा प्रभावकारी रहेको हुँदा उक्त बोलपत्रको स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सबैको जानकारीको लागि यो सात (७) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कवोल अंक रु. (मु.अ.कर सहित) |
|---|---|---|---|
| RM/080-81/BLDG /WORKS/NCB-02 | Construction work of ward office building of ward 1, ward 2 and ward 3 of Raskot municipality kalikot. | KTS Nirman Sewa, chhayanath, rara-02, Mugu | NRs. 2,80,23,875.77 |
| RM/080-81/BLDG /WORKS/NCB-03 | Construction work of ward office building of ward 4, ward 7 and ward 8 of Raskot municipality kalikot. | KTS Nirman Sewa, chhayanath, rara-02, Mugu | NRs. 2,78,60,724.11 |

**(नि.प्रमुख प्रशासकीय अधिकृत)**

**Province Government**
**Ministry of Road Infrastructure and Urban Development**

## Transport Infrastructure Directorate
## Infrastructure Development Office

**Panchthar, Phidim**
**Koshi Province, Nepal**

### Invitation For E-Bids

**Notice No. 03/080/81**
**First Date of Publication: 28th December 2023 (2080/09/12)**

1. Infrastructure Development Office, Panchthar invites electronic bids only from eligible bidders for the following works.

| S.N. | Contract Identification No.: | Description of work | Estimated Amount (Excl. VAT & PS) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1. | IDO-PAN-NCB-ROAD-080/81-16 | Upgrading of Kattike-Salbote-Madibung-Limbudin-Mehele-Surumkhim-Kanchanjangha Road, Taplejung | 1,28,07,608.45 | 3,20,000.00 | 3,000.00 |
| 2. | IDO-PAN-NCB-ROAD-080/81-17 | Construction of Foot Trails along Lamduwali-Lamichaur-Sidingba Road, Taplejung | 25,59,797.18 | 65,000.00 | 3,000.00 |
| 3. | IDO-PAN-NCB-ROAD-080/81-18 | Upgrading of Different Roads in Hilihang Rural Municipality (Ward No. 3 & 5), Panchthar | 42,64,335.77 | 1,10,000.00 | 3,000.00 |
| 4. | IDO-PAN-NCB-ROAD-080/81-19 | Upgrading of Different Roads in Phidim Municipality (Ward No. 11), Panchthar | 42,66,153.04 | 1,10,000.00 | 3,000.00 |
| 5. | IDO-PAN-NCB-ROAD-080/81-20 | Upgrading of Different Roads in Phalgunanda (Ward No. 1 & 2) and Miklajung (Ward No.1) Rural Municipalities, Panchthar | 85,20,864.34 | 2,10,000.00 | 3,000.00 |
| 6. | IDO-PAN-NCB-ROAD-080/81-21 | Upgrading of Different Roads in Miklajung Rural Municipality (Ward No.5 & 6), Panchthar | 76,83,493.28 | 1,90,000.00 | 3,000.00 |
| 7. | IDO-PAN-NCB-ROAD-080/81-22 | Upgrading of Different Roads in Phidim Municipality (Ward No. 4 & 6), Panchthar | 97,90,016.72 | 2,40,000.00 | 3,000.00 |
| 8. | IDO-PAN-NCB-ROAD-080/81-23 | Upgrading of Mane Danda Dekhi Chilaune Danda Hudai Jane Sadak tatha Pandolung Ichingtembe Road, Phaktanglung-3 (Limkhim), Taplejung | 21,27,913.88 | 55,000.00 | 3,000.00 |
| 9. | IDO-PAN-NCB-ROAD-080/81-24 | Upgrading of Phungling-08 Bat Banchare Naikholyang Hudai Pathivara Yangwarak Gaupalika Ko Kendra Jodne Road, Phungling-8, Taplejung | 85,33,580.02 | 2,10,000.00 | 3,000.00 |
| 10. | IDO-PAN-NCB-ROAD-080/81-25 | Upgrading of Shikari Danda Siteni Masaneghat Road, Phungling-3, Taplejung | 21,27,985.62 | 55,000.00 | 3,000.00 |

2. Deadline for Bid Submission & Opening Date: 28th January 2024 (2080/10/14)
3. For further information, inspection & e-submission, visit PPMO's web site **www.bolpatra.gov.np**

**Office Chief**

## साउदीमा रोजगार | कम्पनी : WESTERN LIGHTS INTERNATIONAL TRADING COMPANY

शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८०/०९/११ चलानी नं.: ६०२१२१४८ L.T. No.: 297138

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १९ गते (4 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३

Itahari: 9862360723 | Jhapa: 9806074134

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OMAN INTERNATIONAL GROUP S.A.O.C. शहर : Oman
पूर्व स्वीकृत मितिः २०८०/०९/११ चलानी नं.: ६०२१२१४९ L.T. No.297144

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 50 | स. काममा दक्ष | 120 | ४१,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १९ गते (4 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Index Recruitment Pvt. Ltd.**

श्रम ईजाजत नं. १५४३/०७८/०७९

Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443, Mobile: 9808682238
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# वचन बिर्सेर अध्यादेशको बाटो

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार राष्ट्रको नाममा सम्बोधन गर्दै कार्यशैली बदलेर अगाडि बढ्ने घोषणा गरेका थिए । गत वर्ष १० पुसमा प्रधानमन्त्री बनेका प्रचण्डकै शब्द र निष्कर्ष अनुसार एक वर्ष अवधिमा चाहे जता सरकारले गर्न सकेका छैनन् । त्यसैले कार्यशैली सुधारेर अगाडि बढ्ने बताएका थिए । विशेषगरी जनताको चाहना सम्बोधन गर्नेगरी सरकार अगाडि बढ्ने प्रत्यक्ष सम्बोधनबाट प्रतिबद्धता जनाएका थिए । तर राष्ट्रको नाममा सम्बोधन गरेको भोलिपल्टै बुधबार प्रधानमन्त्री प्रचण्ड नेतृत्वको नेकपा माओवादी केन्द्र सहित सामेल चार दलीय समाजवादी मोर्चाको बैठक बस्यो । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी र नेपाल कम्युनिष्ट पार्टीका नेतृत्वसहित शीर्ष नेताहरूको बैठक बस्यो ।

त्यो बैठकमा नेताहरूले उठाएको सुझाव चाहिँ प्रधानमन्त्री प्रचण्डले अघिल्लो दिन गरेको प्रतिबद्धता बमोजिम देखिएन । दिउँसो नेपाली सेनाको हेलिकोप्टर चढेर गोरखा पुगेको तस्वीरबाट त प्रधानमन्त्री प्रचण्डको चर्को आलोचना नै भएको छ । नवविवाहिता नातिनीको घर जाँदा प्रचण्डले सेनाको हेलिकोप्टर प्रयोग गरेका थिए । तर फर्केर बालुवाटारमा फेरि बसेको मोर्चाको बैठकमा उठेको प्रशंग पनि संसदीय अभ्यास, लोकतान्त्रिक प्रणाली र सत्तारूढ नेताहरूको पूर्वप्रतिबद्धता अनुसार थिएन । मोर्चामा आवद्ध नेताहरूले संघीय निजामति कर्मचारी ऐन, प्रदेश प्रहरी ऐन लगायतबारे अध्यादेश ल्याउन सरकारलाई सुझाव दिएका छन् । सत्तारूढ नेताहरूले प्रदेशको माग सम्बोधन गर्न पनि अध्यादेश ल्याउन आवश्यक देखिएको तर्क गरेका छन् ।

जबकी संघीयता कार्यान्वयन गर्न आवश्यक कानुन बनाउन आवश्यक भए तत्काल संघीय संसद् अधिवेशन बोलाउन सकिन्छ । अझ प्रधानमन्त्रीको मंगलबारकै सम्बोधन अनुसार पनि आगामी फागुनबाटै नीति तथा कार्यक्रममाथि छलफल गर्ने नयाँ अभ्यास सुरू हुनेछ । तर गत १६ कात्तिकमा अधिवेशन अन्त्य गरेको सरकारलाई अध्यादेशको बाटो सुझाइएको छ । यसरी अध्यादेशको बाटो सुझाउँदै गर्दा तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारलाई लगाएको आरोप भने बिर्सिइएको छ । ओलीलाई अहिलेका सत्तारूढ नेताहरूले नै अध्यादेशबाट सरकार चलाउन खोजेको आरोप लगाएका थिए । अहिले तिनै नेताहरूले संसद्को बाटो छलेर अध्यादेशको सुझाव दिइरहेका छन् । अझ मुलुककै निम्ति दीर्घकालीन असर राख्ने विषयलाई अध्यादेशबाट टुंग्याउने कुरा गलत हो । यसको अर्थ ढिलाइ गरिनुपर्छ भन्ने होइन । तर जनताका प्रतिनिधिहरूबीच आवश्यक विमर्श गरेर सार्वभौम संसदबाट कानुन बनाउन आवश्यक छ । अध्यादेशको बाटो समाधान होइन ।

# त्रिवि, समकक्षता र प्रतिभा पलायन

अग्रलेख



● निष्णु थिङ




ज्येष्ठता र सबैभन्दा बढी विद्यार्थी संख्या हुनु नै उत्कृष्टताको परिचायक होइन । तर, त्रिभुवन विश्वविद्यालयले यसको दावी गर्दै आएको छ । जेठो हुनु र कान्छो हुनु स्वाभाविक प्रक्रिया हो । उपयुक्त विकल्प नभएकोले पनि विद्यार्थी त्रिविमा थुप्रिएका हुन् । भर्खरै सम्पन्न भएको ४९औं दीक्षान्त समारोहमा पनि यहीँ धृष्टता त्रिविले दोहोऱ्याएको देखियो । जेष्ठतालाई श्रेष्ठता र उत्कृष्टताको मापदण्ड बनाउनु आफ्नो कार्यसम्पादन(पर्फमेन्स) क्षमतामा विश्वास नहुनु हो । त्यसको साथसाथै, आफ्नो प्रतिस्पर्धी क्षमता सुदृढीकरण गर्नलाई तयार नहुने ढिपी हो । अहिले हाम्रा त्रिविलगायत अन्य विश्वविद्यालयका विभागहरू विद्यार्थी अभावमा बन्द हुन थालेका छन् । थुप्रै कलेजहरू धमाधम बन्द भइरहेका छन् र केही हुने तरखरमा छन् । यहाँका विश्वविद्यालयहरूले यहाँ विद्यार्थी कसरी अड्याउने त्यसको अभियान चलाउन थालेका छन् । यहीँ गतिमा विद्यार्थी पलायन बढ्दै जाने हो भने भोलि यी विश्वविद्यालयहरू खाली हुनेछन् । नेपाल इतिहास संघको राष्ट्रिय गोष्ठीमा पंक्तिकारलाई धेरै प्राध्यापकहरूले विद्यार्थी नभएर कक्षा लिन नपाएको गुनासो गरेका थिए । अझै उनले, बिना काम राज्यबाट ज्याला(तलब) नियमित लिँदा आत्मग्लानि हुने गरेको बताउँथे ।

### समकक्षताको सकस

अहिले समकक्षताको विषय जताजतै छलफल भइरहेका छन् । यससम्बन्धी बहसहरू चिया पसलदेखि सञ्चार हुँदै विभिन्न विश्वविद्यालयहरूमा हुन थालेका छन् । पंक्तिकारसित खुल्ला विश्वविद्यालयको उपकुलपतिदेखि विदेशी र स्वदेशी विद्यार्थीहरू तथा नेपालभित्र विभिन्न शैक्षिक संस्था सञ्चालकहरूले पनि बेलाबेलामा कुराकानीको क्रममा गुनासोसमेत गर्ने गरेका छन् । अहिलेसम्म समकक्षता त्रिविले नै वितरण गर्दै आइरहेको छ । त्रिविको समकक्षता नीतिबाट पीडित विद्यार्थीहरूका संख्या दिनानुदिन वृद्धि भइरहेका छन् । यो समकक्षता त्रिविको पाठ्यक्रम विकास केन्द्रले वितरण गर्दै आएको छ । यो केन्द्रले नेपालबाहिरबाट अध्ययन गरेर आएका र नेपालभित्रै विभिन्न विश्वविद्यालयहरूमा औपचारिक डिग्री प्राप्त विद्यार्थीहरूलाई वितरण गर्ने परम्परा बसालेको छ । यस केन्द्रको स्थापना वि.सं. २०३० सालमा भएको थियो । यसले मूलरूपमा त्रिविको लागि पाठ्यक्रम निर्माण र समकक्षता प्रदान गर्दै आएको छ ।

शिक्षाध्यक्षको मातहतमा रहेको यस केन्द्र अहिले प्रश्न र विवादको घेरामा परेको छ । यहीँ असारमा आस्था दाहालले आफूले दुई वर्ष धाउँदा पनि समकक्षता नपाएकी र उल्टै दुर्व्यवहार सहनु परेको सञ्चार माध्यममा आएको थियो । अहिले समकक्षताको समस्या खेपेका थुप्रै विद्यार्थीहरू छन् । कसैलाई समकक्षता नदिने, कसैलाई समकक्षता अर्कै दिने र अत्यन्त झन्झटिलो बनाइएको छ । केही दिन अगाडि चीनको शान्डोङ विश्वविद्यालयमा विद्यावारिधि गरेर आएका मित्रले समकक्षता नपाएर कतै आबद्ध हुन नपाएको गुनासो गरेको थिए । त्यसैगरी, जेएनयुबाट विद्यावारिध गरेका मित्र सचिन घिमिरे अहिले सर्वोच्चमा तारेख धाइरहेको छ । उनको पनि समकक्षता सृजित समस्याले गर्दा पीडित हुनु परेको अवस्था छ ।

### समकक्षता र प्रतिभा पलायन

नेपाल सरकार परराष्ट्र मन्त्रालयले 'ब्रेन गेन सेन्टर' स्थापना गरेको छ । यसको मूल उद्देश्य नै उत्कृष्ट प्रतिभालाई अन्ततः स्वदेश फर्काउने हो । यसका पाँच वटा उद्देश्यहरूः पहिलो-पहिचान गर्ने, दोस्रो-प्रवर्द्धन गर्ने, तेस्रो-जोड्ने, चौथो-परिचालन गर्ने र पाँचौ-पुरष्कृत गर्ने हुन् । यो सेन्टरले दक्ष जनशक्तिको प्रतिभालाई देशको हितमा प्रयोग गर्ने नीति लिएको छ । प्रतिभा पलायनको समस्यालाई सम्बोधन गर्न स्थापित सेन्टरले कति प्रतिभालाई सम्पर्क गरेर उनीहरूका विज्ञताको फाइदा उठाउन सक्यो र कति जना फर्काउन के-कति सफल भयो ? त्यो अहिलेसम्म सार्वजनिक भएको छैन । तर, नेपालबाहिर विश्वका प्रतिष्ठित क्याम्ब्रिज, अक्सफोर्ड, जेएनयुलगायत थुप्रै उत्कृष्ट विश्वविद्यालयहरूबाट आफ्नो औपचारिक शिक्षा समाप्तपछि त्यही देशमा पाउने सबै सुविधाहरू छाडेर आफ्नै देशमा केही गर्छु भनी आएका युवाहरू समकक्षताको समस्याले गर्दा चित्त दुखाएर पुनः फर्केका प्रशस्त उदाहरण छन् । विश्वका राम्रा विश्वविद्यालयबाट शिक्षा आर्जन गरी आएका दक्ष युवाहरू यसरी देशै छाडेर जाने परिस्थिति सृजना हुनु कुनै पनि अर्थमा उचित होइन । त्यसरी समकक्षताको समस्याले देशैप्रति घृणा, यो देशमा जन्मेकोमा अपराधबोध र आत्मग्लानि भएर विदेशिनु पटक्कै राम्रो होइन ।

सरकारको ब्रेन गेन सेन्टर स्थापना गर्ने नीतिलाई यसले खिसीट्युउरी गरेको छ । प्रतिभा पलायन रोक्नु त कताकता उल्टै पलायन हुनलाई बाध्य पार्ने

> *सरकारले समकक्षतासम्बन्धी नीति र निकाय नयाँ बनाउनै पर्छ । यो नीति निर्माण गर्दा आफैंले बनाएको 'ब्रेन गेन' सेन्टरको उद्देश्यहरूलाई ध्यान दिनुपर्छ । यो सेन्टरले मूलतः बाहिर रहेका प्रतिभालाई उपयोग र स्वदेश ल्याउने उद्देश्य राखेका छन् । देशभित्रै रहेका प्रतिभालाई रोक्ने उद्देश्य चाहिँ त्यसमा थप्नुपर्छ ।*

समकक्षता नीतिमा व्यापक परिमार्जन र सुधारको खाँचो देखिन्छ । सबैभन्दा कमजोर क्षमता भएकाहरू(ककिस्टोक्रेट)ले यहाँको राजनीति, प्रशासन, व्यापार, शिक्षा सबै क्षेत्रमा वर्चश्व(सिन्डिकेट) वर्षौंदेखि चलाउँदै आएकोले गर्दा देशको हालत झनपछि झन जर्जर हुँदै गइरहेको छ । देशबाट राम्रा प्रतिभाहरू पलायन हुदैछन् । यो देशमा केही हुन्छ भन्ने सपना युवाहरूले देख्नै छाडे । जतिसक्दो चाँडै यो देश छोडौं भन्ने हुटहुटी देख्छु । यस्तो जटिल परिस्थितिमा पनि समकक्षताको नाममा सृजित अनावश्यक र कतिपय नाजायज प्रावधानहरूका कारण प्रतिभा पलायन हुनु जति खेदजनक के होला र !

### समकक्षताको नीति र प्रश्न

समकक्षताको बारेमा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ ले केही बोलेको छैन । त्यससम्बन्धी केही नीतिगत उल्लेख नै छैन । तर, त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ५(ज), दफा १०(च) र दफा ३० मा नियमावली बनाउने अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय सभाले 'त्रिभुवन विश्वविद्यालय संगठन र शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५०' मा समकक्षतासम्बन्धी व्यवस्था छ । यस नियमको परिच्छेद-१४ मा समकक्षतासम्बन्धी उल्लेख छ । त्यसमा, विश्वविद्यालयबाहेक अन्य स्वदेशी वा विदेशी विश्वविद्यालय शैक्षिक तथा प्राज्ञिक संस्थाहरू तथा तिनका प्रमाणपत्र वा उपाधिहरूलाई मान्यता तथा समकक्षता निर्धारण गर्न विश्वविद्यालयमा एक समिति गठन हुनेछ, जसलाई उपाधि तथा समकक्षता निर्धारण समिति रहने व्यवस्था गरेको छ । यसैमा समितिको काम, कर्तव्य र अधिकारको उल्लेख छ । यस 'त्रिभुवन विश्वविद्यालय संगठन र शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५०' को नियम १३३ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी परिषद्ले उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि, २०७८ पारित गरेको छ । यहीं कार्यविधि बमोजिम नै पाठ्यक्रम विकास केन्द्रले समकक्षता प्रमाणपत्र वितरण गरिरहेको छ ।

अहिले नेपालमा करिब एक दर्जन विश्वविद्यालयहरू छन् । कतिपय स्थापनाको चरणमा छन् । सात वटा प्रदेश सरकारहरूले प्रादेशिक विश्वविद्यालयहरू धमाधम स्थापना गर्न थालेका छन् । त्यसैले विश्वविद्यालयको संख्या अझै बढ्नेवाला छ । त्रिवि सभाले निर्धारण गरेको समकक्षताको नियमले स्पष्ट, 'स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको उपाधि मान्यता तथा समकक्षता दिने वा निर्धारण गर्ने' उल्लेख छ । यो प्रावधानले नेपालभित्रैका विश्वविद्यालयहरूले पनि त्रिविको समकक्षता लिनै पर्ने चलन स्थापित गरेको छ । अहिले त्रिविको समकक्षी वा प्रतिस्पर्धी विश्वविद्यालयहरूले त्रिविको समकक्षताको विरोध गर्न थालेका छन् । त्यसमा काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, खुल्ला विश्वविद्यायल लगायत अरु पनि छन् । उनीहरूका पहिलो तर्क, नेपालभित्रैका विश्वविद्यालयले जारी गरेका नेपालकै लागि किन त्रिविको समकक्षता चाहियो ? दोस्रो तर्क, समान र प्रतिस्पर्धी हैसियतका विश्वविद्यालयलाई त्रिविको समकक्षता आवश्यक छैन । तेस्रो तर्क, नेपाल सरकार, प्रतिनिधिसभा र राष्ट्रिय सभाले निर्माण गरेको विश्वविद्यालय ऐन अन्तर्गन गठित विश्वविद्यालयहरूलाई त्रिविको समकक्षता दिने अधिकारै छैन । सबै विश्वविद्यालयहरू समान हैसियतमा(इक्वाल फुटिङ) भएकाले समकक्षताको आवश्यकता पर्दैन ।

अहिले देशभित्रै स्थापित अन्य विश्वविद्यालयहरूले त्रिविविरुद्ध प्रश्न उठाउन थालेका छन् । यो शीतयुद्ध भित्रभित्रै चलिरहेको छ । केही समय अगाडि त्रिविले खुल्ला विश्वविद्यालयको एलएलबि र बिएल कार्यक्रमलाई मान्यता नदिने घोषणा गरेपछि त झन् यो विषय पेचिलो बन्दै गएको छ । भविष्यमा समकक्षताको विषयमा त्रिवि एकातिर र अरु सबै विश्वविद्यालयहरू अर्कातिर दुईकित्तामा विभाजित हुनेछन् । शीतयुद्ध बढ्दै जाँदा कतिपय विश्वविद्यालयले त्रिवि सभाले पारित परेको नीति र नियम आफूले नमान्ने औपचारिक घोषणा गर्न सक्नेछन् । त्यो मान्नलाई अन्य विश्वविद्यालयहरू कानुनी रूपमा बाध्य नभएको बताउँन सक्नेछन् । त्यसो त प्रत्येक विश्वविद्यालयको आफ्नै सभा हुन्छन् । बेग्लै विश्वविद्यालयका बेग्लै सभाले आ-आफ्नै नियम एकार्कालाई थोपर्दै जाने हो भने विवादले निकास पाउन सकिदैन । विविध संकटले घेरिएका यी विश्वविद्यालयहरू आपसमा दोहोरी खेल्न थाले भने त्यो भन्दा अनिष्ट नेपालको उच्च शिक्षामा के देख्न बाँकी छ र !

अहिलेसम्म त्रिविको विद्यार्थी नेपालभित्रैका कुनै विश्वविद्यालयमा जाँदा बसाँइसराइ(माइग्रेसन) मात्रै चाहिन्छ । तर, अरु विश्वविद्यालयका विद्यार्थी त्रिविमा जाँदा समकक्षताको झमेला व्यहोर्न परेको छ । सँगै यहीँ सरकारी वा अन्य क्षेत्रमा रोजगारी र कुनै कामको लागि आवेदन गर्दा त्रिविकै समकक्षता खोजेर हैरान बनाएका छन् । उहीँ संसदले पारित गरेका ऐनहरूद्वारा निर्मित विश्वविद्यालयहरू कुनै श्रेष्ठ हुने र कुनै त्यसकै समकक्षतामा चल्नु पर्ने स्थिति त्रिविको अरु विश्वविद्यालयहरूमाथिको सर्वोच्चता हो । जुन अरु विश्वविद्यालयहरूलाई स्वीकार्य छैन । गुणात्मकता र उत्कृष्टताका दृष्टिकोणमा त्रिविभन्दा राम्रो काठमाण्डौं र पोखरा विश्वविद्यालयहरूले गरिरहेका छन् । यस्तो अवस्थामा यस्तो विवाद सिर्जना गर्ने समकक्षता नीतिलाई बदल्नै पर्ने देखिन्छ ।

### निकास

त्रिविले समकक्षता निर्धारण कार्यविधि, २०७८ लाई संशोधन गरेको छ । तर, त्यो पर्याप्त छैन । सरकारले समकक्षतासम्बन्धी नीति र निकाय नयाँ बनाउनै पर्छ । यो नीति निर्माण गर्दा आफैले बनाएको 'ब्रेन गेन' सेन्टरको उद्देश्यहरूलाई ध्यान दिनुपर्छ । यो सेन्टरले मूलतः बाहिर रहेका प्रतिभालाई उपयोग र स्वदेश ल्याउने उद्देश्य राखेका छन् । देशभित्रै रहेका प्रतिभालाई रोक्ने उद्देश्यचाँहि त्यसमा थप्नुपर्छ । अर्को, देशमा सञ्चालित सबै विश्वविद्यालयहरूलाई स्वीकार्य समकक्षता नीति ल्याउनुपर्छ । त्यसको लागि निम्न तीन सुझावहरू छन्ः एक, स्वदेशमा सञ्चालित विश्वविद्यालयहरूले एकापसमा समकक्षता लिन नपर्ने, दुई, विश्वविद्यालय अनुदान आयोग अन्तर्गत एउटा बेग्लै निकाय स्थापना गरेर समकक्षता वितरण गर्ने र तीन, विश्वका उत्कृष्ट विश्वविद्यालयहरूमा नयाँ-नयाँ पाठ्यक्रम र विधागत-अन्तर्गतविधागत अध्ययन हुने हुनाले आफ्ना पाठ्यक्रम र कार्यक्रम पनि अद्यावधिक गरिरहन आवश्यक छ । समकक्षताको नाममा त्रिविको एकाधिकारको विकल्प खोज्नैपर्छ । झन्झटिलो समकक्षताको कारणले प्रतिभा पलायन भइरहेको छ । यसप्रति सरकारले बेलैमा ध्यान पुऱ्याउन अति जरुरी छ ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाईं**

वीर अस्पतालमा उपचार गर्ने बिरामीको खाना खोस्ने, अख्तियार र सिआइबीको स्वयत्तता खोस्ने, मेलम्ची खानेपानीको कृतिम समस्या सिर्जना गरी पानी खोस्ने, किसानको उत्पादनको लागत मूल्य खोस्ने, पेट्रोलियम पदार्थबाट उपभोक्ताको गोजी खोस्ने, यो चाहिँ किन राष्ट्रको नाममा सम्बोधन गर्दा नसमेटेको ?



**- नवराज पन्त**

चीनका माओले जनताको समस्याको गम्भीर अध्ययन गर्थे, भारतका गान्धीले पनि जनताकै साथ लिन्थे । दुवैको द्रुतविकास भयो । अब नेपालमा जनताको समस्यामा गम्भीर नहुने र रणनीतिक समाधान खोज्न नसक्ने हल्लुडालाई जनताले वडाअध्यक्षदेखि केन्द्रसम्म सबै ठाउँमा पतन गराउनुपर्छ । हामीलाई 'टेक्नोर्क्याट'नै चाहिन्छ ।



**- मुमाराम खनाल**

'डान्सबार' चलाउने, खुकुरी हान्ने र गुण्डागर्दी गर्नेहरू मन्त्री भएकोमा मलाई थोरै पनि आश्चर्य लागेको छैन । तर, मैले नबुझेको कुरा चाहिँ के हो भने 'डान्सबार'को स्तरोन्नति भएर मन्त्रीमण्डल बराबर भएको हो कि मन्त्रीमण्डलको अवनति भएर 'डान्सबार'मा पुगेको हो ? यहाँनेर अलमल भयो ।



**- रमेश कुमार**

'बचत तथा ऋण सहकारी' भयावह ठगी धन्दाको स्रोत बनेको छ । दशकअघिदेखि यो धन्दाले हजारौंलाई 'घर न घाट'को बनाएको छ । तर, यो निर्वाध किन छ भने राजनीतिक दल, नेता, शक्तिशाली समूह यसैबाट लाभान्वित छन् । त्यसैले, यो धन्दा रोक्ने कानून बनाउन दिइँदैन । यो धन्दा रोक्ने आँट कसमा छ ?

# मार्क्सवाद नबुझेको कम्युनिष्ट !

विचार



● सरस्वती महरा

हामीभित्र जब्बर बसेका प्रत्यक्ष/अप्रत्यक्ष आफ्नै घरभित्रबाटै सामन्ती संस्कारमा दिक्षित र पोषित सामाजिक विभेदपूर्ण हाम्रो सहज मनोभाव र मानसिकतालाई चलि आएको परम्पराको नाममा, घरका ठूलाबडा, बुढाबुढी बा-आमाले पुरानो विचारलाई मान्नुहुन्छ भन्ने नाममा गलत चिन्तन र संस्कारप्रति नै 'नम्र र उदार' बन्ने र त्यस्ता अचेत प्राणीहरूलाई मात्र देखाएर आफू चोखिने, भित्रभित्रै तर दब्बिएर त्यस्ता कुसंस्कार र रूढिहरूको अक्षरस पालन गर्ने प्रगतिशील र अझ कम्युनिष्ट भन्नेहरूले यो दुनियाँ बदल्न सम्भव होला ? अन्यथा यस्ता कुराहरू बुर्जुवा आधुनिकतावादी हावादारी गफ र आश्वासन मात्र होला ।

होला पनि दुनियाँ त्यतिकै सनकले बदि्लने होइन । आवेशले, आक्रोशले, क्रान्तिकारी जोशले मात्रै पनि बदि्लने होइन । दुनियाँ प्रतिभा, मेधा, निपुणतालगायतले मात्रै पनि बदि्लने भए बर्जुवाहरूले यो दुनियाँ उहिल्यै बदि्लसकेका हुने थिए र मार्क्सले सर्वहारालाई क्रान्तिको नेता घोषित गर्दैन थिए होला । माओले व्यवहारको बारेमा कुरा गर्दा, "मार्क्स, एंगेल्स, लेनिन, स्टालिन जतिसुकै मेधावी र प्रतिभाशाली भएपनि उनीहरूले व्यक्तिगतरूपमा आफ्नो समयको वर्ग संघर्षमा भाग नलिएका भए र वैज्ञानिक प्रयोगलाई उपयोगमा नल्याएका भए क्रान्तिकारी मार्क्सवादी सिद्धान्तको प्रतिपादन उनीहरूले गर्न सक्दैन थिए !" भनेका छन् । मार्क्सवादी सिद्धान्त/विचारको प्रतिपादन यसरी क्रान्तिकारी व्यवहार वा वर्गसंघर्षमा हेलिएर मात्र सम्भव हुने कुरा माओले गरेका छन् भने क्रान्तिकारी नेतृत्वले व्यक्तिगतरूपमा वर्ग संघर्षमा सहभागी भएर मात्रै क्रान्तिकारी सिद्धान्त र विचारको प्रतिपादन गर्नसक्ने कुराको स्पष्टरूपले उल्लेख गरेका छन् ।

वर्ग समाजमा वर्गको निषेध गरेर वर्ग निरपेक्ष नारा दिने फ्रान्सेली बुर्जुवा क्रान्तिले यता आफ्नो बिगत पाँच सय वर्षदेखिको अवधिभर पनि 'स्वतन्त्रता, समानता र भाइचारा'जस्ता नारा र कार्यक्रमलाई अहिलेसम्म पनि आफ्नै बुर्जुवा तानाशाही रहिरहेको व्यवस्था र अवस्थामा पनि व्यवहारिकता दिन सकेन । जनमानसमा साँच्चिकै सद्भावना, शान्ति र सुरक्षाको प्रत्याभूत गर्न नसक्नुले, बुर्जुवा विचार र बुर्जुवा असफल भइसकेको कुरा स्वीकार्नै पर्दछ । मार्क्सले १९औं शताब्दीको उत्तरार्धतिरै बुर्जुवा विचार र नेतृत्वले सामाजिक क्रान्ति गर्न नसक्ने कुराको घोषणा गरिसकेका हुन् । मार्क्सले वर्गसंघर्ष को खोज आफूले नगरेको कुरा गरेका छन् । मार्क्सको मुख्य कुरा वर्ग संघर्ष नभएर इतिहासदेखि अहिलेसम्मको सबै समाजलाई अघि बढाउने इञ्जिनको भूमिकामा वर्ग संघर्ष मुख्य निर्णायक र इतिहासको चालक शक्ति रहेको कुरा भने उनले गरेका छन् । यसका साथै अझै महत्वपूर्ण कुरा पुँजीवादी समाजमा बुर्जुवाहरू नभएर श्रमजीवि सर्वहारा वर्ग क्रान्तिको मुख्य नायक र मुख्य नेतृत्व हुने मुख्य कुरा उनले गरेका छन् । काल्पनिक समाजवादी र वैज्ञानिक समाजवादी वा मार्क्सवादीबीचको अन्तर, काल्पनिक समाजवादीहरू बुर्जुवाहरू प्रति नरम र उदार हुने, क्रान्तिका नायकका रूपमा सर्वहारावर्ग र नेतृत्वलाई चिन्न नसकेका कुरा माओले गरेका छन् भने वर्गसंघर्षमा नै मुख्यरूपले भर पर्नुपर्ने कुरामा जोड उनले दिएका छन् । यसो र बुर्जुवा विचार र बुर्जुवा नेतृत्वले पुँजीवादी समाजमा सामाजिक बद्लाव वा क्रान्ति नहुने कुरा मार्क्सले उहिल्यै १९औं शताब्दीको उत्तरार्धतिरै घोषणा गरे ।

मार्क्सवादी दर्शनको कुरा गर्दा माओले यसका दुई वटा मुख्य विशेषताहरू वर्ग पक्षधरता र व्यावहारिकतालाई महत्वपूर्ण ठाने । मार्क्सवादले यसरी सर्वहारा वर्गको पक्षमा स्पष्ट दृष्टिकोण र अडान राख्ने र उक्त दृष्टिकोण र अडानले फेरि क्रान्तिकारी व्यावहार र वर्गसंघर्षलाई सघाव पुऱ्याउने मार्क्सवादी दर्शनको विशेषता बुझिन्छ ।

सामाजिक क्रान्ति, परिवर्तन मुख्यतः र अन्ततः सामाजिक संरचनालाई बद्लने कुरा हो । मार्क्सवादी द्वन्द्ववादले सामाजिक संरचनालाई बदल्नमा व्यक्तिगत मनोभाव र मानसिकतालाई बदल्ने कुरा वा त्यसको पनि भूमिका महत्वपूर्ण हुने कुरा गर्दछ । कहिलेकाहीँ अझ यो निर्णायक पनि हुने कुरा गर्दछ । सिद्धान्तको मुल व्यवहार भएपनि क्रान्तिकारी सिद्धान्त बिना क्रान्ति सम्पन्न नहुने कुरा लेनिनले गरेका छन् । त्यसो र क्रान्तिकै लागि क्रान्तिकारी सिद्धान्तको महत्व जस्तै सामाजिक संरचना वा व्यवहारलाई बद्लनका लागि बैचारिक संघर्षको महत्व हुने बुझिन्छ । सामाजिक संघर्षका लागि वैचारिक संघर्षमा व्यक्तिले आफुलाई, आफ्नो दृष्टिकोणलाई खार्ने कुरा निकै जटिल र महत्वपूर्ण संवेदनशील कुरा पनि हो । तथापि, चीजहरूलाई बदल्ने विपरित तत्वहरूको बीचको संघर्ष वा अन्तरविरोधको नियमअनुसार हुने आत्मसंघर्ष, अन्तरसंघर्ष बिना सजिलै एकैचोटि सिँगो समाज र दुनियाँ बदल्ने वर्गसंघर्षको कुरा गर्छौं हामी । वर्गसंघर्ष विज्ञान पनि हो र त्यो एउटा विशेष प्रक्रिया अन्तर्गत गतिशील र क्रियाशील जटिल बिषय पनि हो र जो निरन्तर आत्मसंघर्ष र अन्तरसंघर्षको प्रक्रियाबाट अघि बढने वा पछि पर्ने गर्दछ भन्ने कुरा पनि शायदै बुझ्दछौं ।

पुराना मान्यता र पुराना विचारहरूको अनावश्यक बोझिलो गरुङ्गो बोझहरूले दिमागलाई भारी बोकाएर यातना दिने कुरा राम्रो होइन भनेर माओले भनेझैं त्यसदेखि मुक्तिको लागि वा आफ्नै दिमागलाई पनि अनावश्यक बोझहरूदेखि मुक्तिको लागि पनि व्यक्तिले आफ्नैविरुद्ध वैचारिक संघर्षमा होमिने कुरा महत्वपूर्ण हुँदैछ ।

## तपाईंको राशिफल

- मेष : कार्यमा नोक्सान हुने योग छ । पुरानो कार्यहरूको रूकावट समाप्त हुनेछ ।
- वृष : धेरै भरोसा गर्नु हुँदैन । राजनैतिक कार्यमा रूकावट आउनेछ ।
- मिथुन : आध्यात्मिक रूचीमा वृद्धि हुनेछ । शान्ति बनिरहनेछ ।
- कर्कट : उधारो धन दिनु हुँदैन । धैर्यता राख्नुहोला ।
- सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ ।
- कन्या : खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।
- तुला : शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्चको योग छ ।
- वृश्चिक : वाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ ।
- धनु : नयाँ काम बन्ने योग छ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।
- मकर : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ ।
- कुम्भ : स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनेछ ।
- मीन : धेरै लाभको कामना गर्नु हुँदैन । नयाँ योजनाहरू तय हुनेछन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बागबजारका बाढी पीडितको घरघरमा पुग्यो खानेपानीको धारा



दिलमाया शाही/मध्यान्ह
जुम्ला, ११ पुस

जुम्लाको हिमा गाउँपालिका-७ बागबजारका बाढी पीडितको घरघरमा खानेपानीका धारा निर्माण भएको छ । जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले बुधबार एक कार्यक्रमका बीच खानेपानी आयोजना त्यहाँका वडाध्यक्षलाई हस्तान्तरण गरेका छन् ।

२०७९ असोजमा आएको बाढीले खानेपानीको मुहान नै बगाउँदा बागबजारका २२ वटा घरधुरी खानेपानीको अभावमा रहेका थिए । उनीहरु हिमा नदीको दूषित पानी खान बाध्य थिए । स्थानीय श्रमदान, प्लान नेपाल, पेस नेपाल र स्थानीय सरकारको साझेदारीमा झन्डै १० लाख रुपैयाँको लागतमा उक्त खानेपानी आयोजना सम्पन्न भएको हो ।

प्लान इन्टरनेशनल नेपाल र पेस नेपालको साझेदारीमा घरघरमा पानीको धारा निर्माण गरिदि पछि उनीहरु हर्षित भएका छन् । बाढीले मुहान नै बगाएपछि दूषित पानी खान बाध्य भएको भए पनि अब सफा पानी खान पाइने भन्दै स्थानीय लालकला शाही खुसी देखिइन् । 'बाढीले मुहान नै बगाएपछि हामीले बर्खामा हिलो र हिउँदमा नदीमा जमेको पानी बोकेर खाने गरेका थियौं,' उनले सुनाइन् ।

हिमा-६ का वडाध्यक्ष बिक्रमबहादुर शाहीले हिमा नदीको दूषित पानी खानुपर्ने बाध्यता अब भने हटेको बताए । उनले भने, 'अबका दिनमा दूषित पानीका कारण पानीजन्य रोगको प्रकोप घट्ने देखिन्छ । घरमै मुहानको शुद्ध पानी पुगेपछि स्थानीय खुसी छन् ।' उनका अनुसार यी धाराबाट २४ सै घण्टा पानी आउने भएकाले अनाग्म गमगडी सडक हुँदै मुगुको राराताल जाने आन्तरिक तथा बाह्य पर्यटलाई पनि पानीको सुविधा हुने छ ।

जिल्ला समन्वय समितिका प्रमुख आचार्यले अब खानेपानी संरचनाको दीर्घकालीन व्यवस्थापन आवश्यक भएको बताए । 'घरघरमा खानेपानीको पहुँच पुगेको छ,' उनले भने, 'गैरसरकारी संस्थाले यहाँका नागरिकका लागि खानेपानी आयोजना बनाइदिएको हो । तर कुनै संस्थाले बनाइदिएको भनेर बिग्रिएको खण्डमा मर्मत सम्भार नगर्ने गरेको देखिन्छ । त्यो अब हट्नुपर्छ ।'

प्लान इन्टरनेशनल नेपालकी क्षेत्रीय प्रबन्धक मिन पराजुलीले आफूहरुले खानेपानी आयोजना पहुँचका आधारमा नभइ आवश्यकताका आधारमा निर्माण गरेको बताइन् । त्यस्तै आयोजनाको अर्को साझेदार पेस नेपालका कार्यकारी निर्देशक किशोर न्यौपानेले खानेपानी ट्यांकी, मुहान र धाराहरूको रेखदेख तथा मर्मत गरेर दिगो बनाइराख्न स्थानीयलाई आग्रह गरे ।

# होटलमा एक जना मृत फेला

रामएकवाल राम/मध्यान्ह
सिरहा, ११ पुस

सिरहाको मिर्चैयास्थित ओखलढुंगे गिरी होटल एण्ड गेष्ट हाउसमा एक जना मृत फेला परेका छन् । मिर्चैया नगरपालिका-६ कटारी चोकमा रहेको ओखलढुंगे गिरी होटल एण्ड गेष्ट हाउसमा सिरहा कल्याणपुर नगरपालिका २ का अन्दाजी ४० वर्षका मुकेश कर्ण मृत फेला परेको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय सिरहाले जनाएको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१२**

**ग्लोबल इम्प्लाइमेन्ट सप्लायर्स सर्भिसेस प्रा.लि.** को मिति २०८०/०२/१७ गतेमा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इजी सोर्स एच.आर. सोलुसन्स प्रा.लि. (प्रा.लि. नं.: १६४५०६)** कायम गर्ने गरी मिति २०८०/०२/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कुवेत र मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: COMBINED PORTS TRADING COMPANY — शहर: JAHRA
पूर्व स्वीकृत मिति: २०८०/०९/१० — चलानी नं.: ६०२१२०८१ — LT. No.: 297096

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Massagist Skin Massager | 4 | 0 | स. काममा दक्ष | 150 | ६४,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष १९ गते (4 January 2024) मा हुनेछ ।

कम्पनी: MT SECURITY SERVICES SDN BHD — शहर: Malaysia, Sungai Besi
पूर्व स्वीकृत मिति: २०८०/०६/२१ — चलानी नं.: ६०२०८८८४ — LT. No.: 293708 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता जनप्रिय थकाली भान्साघर, नागढुङ्गा, पोखरा, कास्कीमा २०८० पुस १९ गते (4 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1423/074/075
**Confident International Manpower Pvt. Ltd.**
Address: Sinamangal- 09, Kathmandu | Tel: 01-5918957 | 5918958
E-mail: doc.confident@gmail.com, Web.: www.confidentmanpower.com
Pokhara : 9856067908 | 9856037775



## साउदीमा रोजगार

कम्पनी : AL-MOUSA TRADING AND CONTRACTING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०९/१० — चलानी नं.: ६०२१२०८२ — LT. No.: 297075

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DAR MASDAR COMPANY LIMITED — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०९/१० — चलानी नं.: ६०२१२०८३ — LT. No.:297014

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ५३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष १९ गते (4 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic No.: 836/066/067
**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
IAF



## कुवेत र मलेसियामा रोजगार

कम्पनी: Coconut Restaurant Kuwait Co. — शहर: Kuwait
पुर्व स्वीकृत मिति: २०८०/०७/१५ — चलानी नं.: ६०२०९७९२ — LT. No.: 294666 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 3 | 0 | स. काममा दक्ष | 120 | ५१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पौष १९ गते (4 Janauary 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1048/073/74
**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073



## SAUDI मा रोजगार

कम्पनी : AALI TECHNOLOGY AND CONTRACTING COMPANY LIMITED — शहर: DAMMAM
पूर्व स्वीकृत मिति:२०८०/०९/१० — चलानी नं.:६०२१२०८५ — Lt. No.: 297088

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | स. काममा दक्ष | 1700 | ६०१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० पुष १९ गते ( 4 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. License No.: 1307/074/075
**TOKIYO OVERSEAS PVT. LTD.**
Airport, Sinamangal-09 phone no-014594008/014597178
tokiyooverseas51@gmail.com | Web: www.tokiyooverseas.com.np


## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

### बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

प्रकाशित मिति: २०८०/०९/१२

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्रदाता | कबोल रकम रु. (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/NCB/2080-81/11 | Upgrading Works Of Gunjemode Kaflekhola Khadkathok sadak | M/S Golmeshwori Construction And Suppliers, Kathmandu Nepal | NRs. 17,75,210.67 |
| 2. | MMSI/WORKS/NCB/2080-81/13 | Upgrading Works Of Khaldekhola sirantole Kaichale Sadak. | M/S Golmeshwori Construction And Suppliers, Kathmandu Nepal | NRs. 38,65,125.15 |
| 3. | MMSI/WORKS/NCB/2080-81/14 | Upgrading Works Of Melamchi Langarche Sadak. | M/S S.S.D. Construction Pvt. Ltd., Sindhupalchok | NRs. 37,82,607.47 |
| 4. | MMSI/WORKS/NCB/2080-81/15 | Upgrading Works Of Ghaiyaa Fokta Pakhrin tole Magar Tole Daldale Sadak. | M/S R.D.S Engineering & Construction Company Pvt. Ltd., Dolakha Nepal | NRs. 17,13,593.82 |

प्रमुख प्रशासकीय अधिकृत


## साउदीमा रोजगार

कम्पनी: Al Haniyah Industrial District Factory — शहर: Arabia,Jizan
पुर्व स्वीकृत मिति: २०८०/०९/१० — चलानी नं.: ६०२१२०९५ — L.T. No.: 297102

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | स. काममा दक्ष | 1100 | ३८,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष १९ गते (4 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## मलेसियामा रोजगार

कम्पनी : SETIAFOOD ASIA SDN BHD — शहर: Malaysia,PETALING JAYA
पुर्व स्वीकृत मिति: २०७९/०४/२४ — चलानी नं.: ६०१८४९८४ — LT. No.: 269129 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Sector | 75 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LOCAL FINEST RESTAURANT — शहर: Malaysia,ULU TIRAM
पुर्व स्वीकृत मिति: २०७९/११/१८ — चलानी नं.: ६०१९७३६८ — LT. No.: 281855 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष १९ गते (4 Janauary 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. lic. No. 1155/073/74
**A.S. International Group Pvt. ltd.**
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com



## KUWAIT मा रोजगार

कम्पनी : MUNIZ BEAUTY LOUNGE LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०९/१० — चलानी नं.: ६०२१२१०९ — LT. No.: 297059

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car NAIL ART/HAIRDRESSER/MANICURIST PADIVURIST/SALON W | 0 | 2 | स. काममा दक्ष | 150 | ६४,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पौष १९ गते (4 Janauary 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com



## UAE र SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी: KUWAIT FOOD CO AMERICANA MAIN OFFICE ONE PERSON COMPANY LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२० — चलानी नं.: ६०२०४३०८ — L.T. No.: 288943 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 47 | 38 | स. काममा दक्ष | 1200 | ४३,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NATIONAL CORPORATION FOR TOURISM & HOTELS — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०८/२१ — चलानी नं.: ६०२११०९८ — L.T. No.: 295956 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 260 | 0 | स. काममा दक्ष | 900 | ३२,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : VANGUARD FACILITIES MANAGEMENT L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०२/२४ — चलानी नं.: ६०२०२७९७ — L.T. No.: 287455 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 34 | 11 | स. काममा दक्ष | 900 | ३२,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAUDI SPECIALIZE GENERAL CONTRACTING EST. — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८०/०८/१४ — चलानी नं.: ६०२१२१२७ — L.T. No.: 295712

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४९,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Wooden frame carpenter | 5 | 0 | | 1400 | ४९,५७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० पुष १९ गते (4 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP — Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob: 9845297209, 9841250386.



## युएईमा रोजगार

कम्पनी: CLASSIC METALLIC SHEETS FACTORY LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०९/११ — चलानी नं.: ६०२१२१२१ — LT. No.: 297124

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Information Clerk | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,०२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker(Stevedore) | 20 | 0 | | 1000 | ३६,१७० | | | | | | | |
| 3. | Machine Tool Operator | 15 | 0 | | 1300 | ४७,०२१ | | | | | | | |
| 4. | Security Guard | 25 | 0 | | 1800 | ६५,१०६ | | | | | | | |
| 5. | Spray Painter | 10 | 0 | | 1300 | ४७,०२१ | | | | | | | |
| 6. | Turner | 5 | 0 | | 1300 | ४७,०२१ | | | | | | | |
| 7. | Welder | 10 | 0 | | 1500 | ५४,२५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस १९ गते (4 Janauary 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**बि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En

# राष्ट्रिय सभा निर्वाचनः कांग्रेस कर्णाली प्रदेशबाट आकांक्षीको ओइरो




**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ११ पुस

आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनका लागि नेपाली कांग्रेस कर्णाली प्रदेशबाट आकांक्षीहरुको लाइन नै लागेको छ । हाइप्रोफाइलदेखि मन्त्रीसमेत भइसकेका कांग्रेसका नेताहरु राष्ट्रिय सभामा जान चाहिरहेका छन् । राष्ट्रिय सभाको उम्मेदवारका लागि कांग्रेसले मंगलबारसम्म उम्मेदवारका लागि नाम सिफारिस गरी पठाउन भनेको थियो । सोही अनुसार जिल्लाबाट प्रदेश कमिटीमा नाम सिफारिस भएर आएका उम्मेदवारहरुको नाम प्रदेशले जस्ताको त्यस्तै केन्द्रमा पठाएको छ ।

सोमबार र मंगलबार बसेको प्रदेश कमिटीको बैठकले जिल्लाबाट आएका नामहरूलाई केन्द्रले नै टुंग्याउने गरी पठाएको कांग्रेस कर्णाली प्रदेशका प्रवक्ता दमन शाहीले जानकारी दिए । राष्ट्रिय सभाका लागि कर्णालीबाट हाइप्रोफाइल नेताहरु नै आकांक्षी रहेका छन् । गठबन्धनअनुसार गएको खण्डमा कर्णालीमा कांग्रेसले एक उम्मेदवार पाउने छ । कर्णालीबाट तीन सिटका लागि प्रतिस्पर्धा हुने छ । प्रदेश समितिले पार्टीका तर्फबाट वरिष्ठता, निरन्तरता, अहिलेसम्म अवसर प्राप्त नगरेका, कुनै महत्वपूर्ण भूमिका प्रदान नगरेका जिल्लालाई उच्च प्राथमिकतामा राखेर निर्णय गर्न केन्द्रलाई अनुरोध समेत गरेको छ ।

हुम्लाबाट भने कुनै पनि आकांक्षीको नाम नआएको स्रोतको भनाइ छ । हुम्लामा योग्यता प्राप्त गरेका नेताहरु भएता पनि उम्मेदवारी दिन भने पछि हटेका छन् । यता प्रदेश सभापति ललितजंग शाहीले भने अरूलाई अवसर दिने भन्दै आफ्नो नाम फिर्ता लिएका छन् । स्रोतका अनुसार दुई दिनसम्म छलफल चलेपनि प्रदेशले महिला, दलित, योग्यता पुगेका र त्यसैमा पनि कांग्रेसका लागि एउटा मात्रै कम सिट भएकाले केन्द्रले सहमतिका आधारका छनोट गर्ने भन्दै उम्मेदवारहरुको नाम मंगलबार केन्द्रमा सिफारिस गरेको स्रोतको भनाइ छ ।

## को–को छन् आकांक्षी ?

राष्ट्रिय सभा निर्वाचनका लागि नेपाली कांग्रेस कर्णाली प्रदेशबाट करिब ९२ जनाले आकांक्षा देखाएका छन् । उनीहरु ९२ आकांक्षीको नाम प्रदेशले केन्द्रमा सिफारिस गरेको छ । जसमा सुर्खेतबाट मात्रै २४ जनाको नाम प्रदेशले सिफारिस भएको छ ।

सुर्खेतबाट पूर्व पार्टी जिल्ला सभापति डम्बर जिसी, पूर्वमन्त्री खड्क बस्याल, प्रदेश कार्यसमितिका कोषाध्यक्ष खगिसरा आचार्यसहित २४ बढीको नाम सिफारिस गरेको छ । यस्तै दैलेखबाट पूर्व सभापति रविन्द्रराज श्रेष्ठ, पूर्व राष्ट्रिय सभा सदस्य रंगबहादुर शाही, पूर्वमन्त्री हिमबहादुर शाही, सुमित्रा शाहलगायतको नाम सिफारिस भएको छ । हिमबहादुर शाही ०७४ मा समानुपातिकबाट प्रदेश सभा सदस्य भई कानुनमन्त्री समेत भइसकेका नेता हुन् । रंगबहादुर शाही पनि गणतन्त्र भन्दा पहिला नै सांसद भइसकेका पुराना नेता हुन् । यस्तै जुम्लाबाट पूर्वमन्त्री दीनबन्धु श्रेष्ठ, लाल हमाल लगायत छ जना, जाजरकोटबाट प्रदेश उपसभापति सनथबहादुर कार्की, सहमहामन्त्री रामछाया शाही, दीपकजंग शाहको नाम सिफारिस भएको छ । दीनबन्धु श्रेष्ठ ०७४ मा प्रदेश सभा सदस्य भई जलस्रोत तथा ऊर्जा मन्त्री समेत भइसकेका नेता हुन् । कालीकोटबाट तरुण दलका पूर्व केन्द्रीय महासचिव भूपेन्द्रजंग शाही, प्रदेश उपसभापति कालीबहादुर सहकारी, प्रदेश कार्यसमिति सदस्य मनबहादुर नेपाली, मोतिराज बम, यशोदा शाहीलगाएत नौ जनाको नाम सिफारिस गरिएको छ ।

